# मिति २०७४/१२/३० गतेको कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं १**

स्थानीय सरकार संचालन ऐन, २०७४ दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको कार्यविधि स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

तपशिल

१. मेलम्ची नगरपालिकाको एकीकृत सम्पत्ति कर ब्यवस्थापन कार्यविधि, २०७४

**निर्णय नं २**

यस मेलम्ची नगरपालिका अन्तर्गत श्री इन्द्रेश्वरी माध्यामिक विद्यालयको च.नं. १८६ मिति २०७४।१२।२८ को पत्रबाट सो विद्यालयमा प्राविधिक तर्फ कक्षा ११ सञ्चालनको लागि प्रस्ताव पेश भएकोमा उक्त प्रस्तावका सम्बन्धमा सामाजिक विकास समितिमा छलफल गरी प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

मेलम्ची नगरपालिका वडा नं. ३ स्थायी निवासी श्री पूर्ण बहादुर तामाङले सोही वडाको चिसापानी भन्ने स्थानको सार्वजनिक जग्गामा होटल बेम्बो कटेज संचालनको लागि अनुमित माग गर्नुभएकोमा उक्त मागका सम्बन्धमा यस कार्यालयको च.नं. ३५३४ मिति २०७४।१२।२६ को पत्रबाट सम्बन्धित वडा कार्यालयलाई ब्यवसाय दर्ताको लागि पत्राचार भएकोमा उल्लेखित स्थानमा होटल बेम्बो कटेज दर्ता/संचालनको लागि दिइएको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस मेलम्ची नगरपालिका वडा नं. ११ मा भुकम्प प्रभावित तथा प्रकोपका क्षेत्रहरुमा मनोसामाजिक सहयोग संयन्त्र सुदृढिकरण कार्यक्रम संचालनको लागि बहुसास्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.यो. नेपाल) बाट कार्यक्रम संचालनको लागि स्वीकृति माग भएकोमा यस नगरपालिकाको प्रत्यक्ष समन्वयमा रही कार्य गर्ने गरी कार्यक्रम संचालनको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

मेलम्ची नगरपालिकाको नगरसभाबाट स्वीकृत भएका भन्दा बाहेकका संघ/संस्थाहरूबाट कार्यक्रम संचालन स्वीकृतिको लागि निवेदन पेश भएमा प्रक्रिया पूरा भई आएका संघ/संस्थाहरुलाई नगरपालिकामा थप आर्थिक ब्ययभार नपर्ने गरी सम्बन्धित शाखाको सिफारिसको आधारमा नगर प्रमख/प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ :**

यस मेलम्ची नगरपालिकालाई कानूनी राय परामर्श उपलब्ध गराउँन तथा नगरपालिकाको काम कारवाहीमा आवश्यक सहयोग र समन्वय गर्नको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई दुई जना कानुन विशेषज्ञ उपलब्ध गराइदिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

मेलम्ची नगर कार्यपालिकाको कार्यालयबाट संचालन भएका योजनाहरूको जाँचपास, फरफारक तथा पेश्की फर्छौट गर्नको लागि देहाय बमोजिमको योजना जाँचपास, फरफारक तथा पेश्की फर्छौट समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

मेलम्ची नगरपालिका उप-प्रमुख श्री भगवती नेपाल - संयोजक

मेलम्ची न.पा. वडा नं. १, वडा अध्यक्ष श्री कृष्ण प्रसाद चौलागाई - सदस्य

मेलम्ची न.पा. वडा नं. ११, वडा अध्यक्ष श्री रूद्र प्रसाद दुलाल - सदस्य

मेलम्ची न.पा. वडा नं. ७, वडा अध्यक्ष श्री ज्ञानेन्द्र श्रेष्ठ - सदस्य

योजना शाखा प्रमुख श्री राजेश कुमार शर्मा - सदस्य सचिव

**निर्णय नं. ८ :**

मेलम्ची नगरपालिकाको नगर शिक्षा नियमावली, २०७४ को नियम २४ (१) ख बमोजिम नगर शिक्षा समितिमा तपशिल बमोजिमका कार्यपालिका सदस्यहरू मनोनित गर्ने निर्णय गरियो ।

तपशिल

(१) श्री भक्त बहादुर खड्का

(२) श्री ज्ञानेन्द्र श्रेष्ठ

(३) श्री पार्वती वि.क.

**निर्णय नं. ९ :**

मेलम्ची नगरपालिका अन्तर्गत आ.व. २०७५/७६ देखि एकिकृत सम्पत्ति कर लागु गर्नुपर्ने कानूनी प्रावधान बमोजिम नगरपालिका भित्र आ.व. २०७५/७६ देखि एकिकृत सम्पत्ति कर लागु गर्नको लागि देहाय बमोजिमको व्यवस्थापन तथा परिचालन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

(१) श्री कूल बहादुर दमाई - संयोजक

(२) श्री सुदर्शन लुइटेल - सदस्य

(३) श्री कृष्ण प्रसाद चौलागाई - सदस्य

(४) श्री भक्त बहादुर खड्का - सदस्य

(५) श्री रूद्र प्रसाद दुलाल - सदस्य

**निर्णय नं. १० :**

यस मेलम्ची नगरपालिकाको विकास निर्माण कार्यमा आवश्यक सहयोग, सहजिकरण तथा समन्वय गर्नको लागि देहायको सिमाभित्र रही एक महिना भित्र सबै वडामा टोल विकास संस्था गठन गरी सो को विवरण पेश गर्न सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

(क) टोल विकास संस्था गठन गर्दा आफ्नो वडा कार्यालय भित्र कम्तिमा ५० देखि बढीमा ११५ घरधुरी समट्नु पर्नेछ ।

(ख) कुनै घरधुरीलाई अपायक नपर्ने गरी टोल विकास संस्थामा समावेश गर्नुपर्नेछ ।

(ग) प्रत्येक घरधुरीबाट एक जना सदस्य साधारण सदस्यको रूपमा रहनुपर्नेछ ।

(घ) टोल विकास संस्था कम्तिमा ९ र बढीमा ११ सदस्यीय हुनुपर्नेछ ।

(ङ) संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिव पदमध्ये कुनै एक पदमा अनिवार्य महिला प्रतिनिधित्व हुनपर्नेछ ।

(च) दलित, जनजाती, सिमान्कृतलाई टोल विकास संस्थामा समावेश गर्नुपर्नेछ ।